**आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको**

सातौं वार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

१. **सभाको वैधानिकता :**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको सातौं वार्षिक साधारण सभा यस कम्पनीको मिति २०८१/०१/१४ गते बसेको सञ्चालक समितिको १४६ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचन ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८१ जेठ ९ गते बुधवार (तदनुसार २०२४ मे २२)

स्थान : होटल उग्रचण्डी, बनेपा-७, काभ्रेपलाञ्चोक ।

समय : बिहान ११:३० बजे प्रारम्भ भई ४:३० बजे समापन ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सातौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय, र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनीहरुलाई मिति २०८१/०१/१५ गते राजधानी राष्ट्रिय दैनिक पत्रिका र मिति २०८१/०१/२१ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रबन्ध मिलाईएको थियो ।

४. **छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने ।

४. संस्थापक समूहको ४ जना तथा सर्वसाधारण समूहको २ जना गरी जम्मा ६ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

५. सञ्चालक समितिबाट भएको स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

२. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जूमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. विविध ।

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

५. उपस्थिति :

५.१ सञ्चालक समितिका सदस्यहरु जम्मा ६ जना ।

५.२ शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा ६८ जना ।

५.३ **कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री निर्गुण प्रसाद भट्टचन | - अध्यक्ष |
| २. | श्री कविता पोखेल | - सञ्चालक |
| ३. | सि.ए. श्री विमल डंगोल | - सञ्चालक |
| ४. | श्री सुधीर प्रसाद लोहनी | - सञ्चालक |
| ५. | श्री अविनाश सिलवाल | - सञ्चालक |
| ६. | श्री विजय कुमार क्षेत्री | - स्वतन्त्र सञ्चालक |

५.४ **व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री बद्री प्रसाद दुलाल | - का.मु. प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| २. | श्री बद्री प्रसाद अधिकारी | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री सुरेश बोहरा | - प्रमुख- कार्य संचालन तथा सामान्य सेवा विभाग |
| ४. | श्री बिजेन्द्र चौधरी | - प्रमुख- सुचना प्रविधि विभाग |
| ५. | श्री रबिन खतिवडा | - प्रमुख- जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग |
| ६. | श्री दिपेन्द्र खनाल | - प्रमुख- मानव संसाधन विभाग |
| ७. | श्री नेत्र जंग थापा | - प्रमुख- आ.ले.प., कानून तथा अनुपालना विभाग |
| ८. | श्री सुदिप श्रेष्ठ | - प्रमुख- योजना तथा वित्त विभाग |
| ९. | श्री पुष्कर मिश्र | - प्रमुख- शाखा संचालन तथा तालिम विभाग |

५.५ **अन्य कर्मचारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री दिपेश खतिवडा | - जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग |
| २. | श्री बिशाल पहाडी | - अनुगमन तथा असुली अधिकृत |
| ३. | श्री श्याम कुमार श्रेष्ठ | - जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग |
| ४. | श्री बिकिल श्रेष्ठ | - मानव संसाधन विभाग |
| ५. | श्री बसन्ती घर्ती मगर | |
| ६. | श्री डिल्ली बहादुर खत्री | |
| ७. | श्री जित बहादुर दाहाल | |
| ८. | श्री दामोदर पाण्डे | |
| ९. | श्री गोमादेवी बडाल कार्की | |

५.६ **नियमनकारी निकायबाट भएको उपस्थिति :** नभएको

५.७ **प्रभु क्यापिटलको तर्फबाट भएको उपस्थिति :**

१. श्री वासु थपलिया

२. श्री वसन्ता उपाध्याय

३. श्री श्याम रावल

४. श्री आचल भण्डारी

५.८ **सुरक्षा निकायको उपस्थिति :** ई. प्र. का. बनेपा, काभ्रेपाञ्चोकबाट प्रतिनिधि उपस्थित

आशा

आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

| उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरुको कुल संख्या : १०९,४८१ | शेयरधनीहरु<br>६८ जना (५ जना सञ्चालक समेत) स्वयं | |
| जम्मा शेयर संख्या : ६४ लाख १६ हजार १ सय ६० कित्ता | प्रोक्सी मार्फत उपस्थिति : ३०८ जना<br>जम्मा उपस्थिति : ३७६ जना ४,४६२,३६७ कित्ता | ६९.५५ प्रतिशत |

यस कम्पनीको सातौं वार्षिक साधारण सभा संचालन गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ६४ लाख १६ हजार १ सय ६० कित्तामा ४४ लाख ६२ हजार ३ सय ६७ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा १०९,४८१ शेयरधनीहरु मध्ये ६८ जना शेयरधनीहरुको स्वयं उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयरधनीहरुको संख्या तथा शेयर कित्ता समेतको प्रतिनिधित्व भएको छ ।

७. **सभा संचालनको लागि वैधानिकताको यकिन :**

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ३०८ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ६९.५५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न वैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले सातौं वार्षिक साधारण सभाको कामकारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि बिहानको ११:३० बजे अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा शुरु भयो । सभा संचालन वित्तीय संस्थाका विभागीय प्रमुख श्री रबिन खतिवडाले गर्नु भएको थियो ।

८. **वार्षिक साधारण सभाको प्रस्तुति :**

८.१. सभाका सभापति श्री निर्गुण प्रसाद भट्टचनज्यू तथा प्रमुख अतिथि संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूबाट संयुक्त रुपमा पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात सभाको काम कारवाही शुरु गरियो ।

८.२. राष्ट्रिय गान बजाई अध्यक्षज्यूको अनुमतिले साधारण सभाको कारवाही संचालन गर्नुभयो ।

८.३. संस्थाका कम्पनी सचिव तथा का.मु. प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुभयो ।

८.४. अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नु भयो ।

८.५. अध्यक्षज्यूले आ.व. २०७९/८० को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

## ९. छलफलका लागि आह्वान :

९.१. वित्तीय संस्थाको आ.व.२०७९/८० को प्रतिवेदन, २०८० आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, नाफा/नोक्सान हिसाव विवरण तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :

१. श्री गोबिन्द के.सी.
२. श्री निरुपमा गुप्ता
३. श्री चन्द्रनारायण श्रेष्ठ
४. श्री ईन्द्र प्रसाद लामिछाने
५. डा.आत्माराम घिमिरे

## १०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतिकरण :

**१. श्री गोबिन्द के.सी. :**

साधारण सभा निर्धारित समय भन्दा ढिला गरी सुरुवात गर्दा समेत कार्यक्रम संचालक तथा कम्पनी सचिवले क्षमा नमागेको, प्रमुख कार्यकारी अधिकृत र अध्यक्ष एउटै लाईनमा बस्नु पर्नेमा नबसेको, हाल दुर्गा प्रसाई तथा मनिराम ज्ञवाली जस्ता व्यक्तिहरुले लघुवित्त वित्तीय संस्था विरुद्धको अराजक गतिविधि गरेकोमा सजग भई काम गर्न व्यवस्थापनले ध्यान दिनुपर्ने, मर्जरको सिनर्जी देखिनुपर्नेमा सो नदेखिएको, कर्मचारी खर्च तथा प्रशासनिक खर्चमा बृद्धि भएकोमा खर्चलाई नियन्त्रण गर्नुपर्ने, आ.व.२०७९/८० मा शेयरधनीहरुलाई लाभांश नदिएता पनि तेस्रो त्रैमासको प्रतिवेदनको आधारमा वित्तीय संस्थाको शेयर भ्यालु बढेर ९४६ पुगेकोमा लगानीकर्ताको मनोबलमा बृद्धि भएको लगायतका विषयबस्तुमाथि सल्लाह सुझाव प्रदान गर्नु भएको ।

**२. श्री निरुपमा गुप्ता :**

लघुवित्त वित्तीय संस्थाले ग्राहक सदस्यहरुलाई शिक्षा तथा स्वास्थ्य क्षेत्रमा समेत लगानी गर्नुपर्ने, ग्राहक संरक्षणकोषको उचित परिचालन गर्नुपर्ने तथा शेयर बजार सँग सम्बन्धी विभिन्न सूँचाङ्कहरु EPS, PE Ratio लगायतको विषयमा जानकारी गराउनुका साथै कर्जा लगानी गर्दा ध्यान दिनुपर्ने विषयमा सल्लाह सुझाव प्रदान गर्नु भएको ।

**३. श्री चन्द्रनारायण श्रेष्ठ :**

साधारण सभा निर्धारित समय भन्दा ढिलो सुरुवात भएकोमा आपत्ति व्यक्त गरेको, विगतमा हरेक वर्ष लगानीकर्तालाई लाभांश दिदै गर्दा यसपाली लगानीकर्ताको हातखालि भएकोमा दुख व्यक्त गरेको, लाभांश दिन नसकेता पनि वित्तीय संस्थाको कोषमा राम्रो रकम रहेको र आगामी वर्षमा लाभांश वितरण गर्न सक्ने क्षमतामा बृद्धि भएको, साधारण सभामा उपस्थित भईसकेपश्चात छोटोमिठो कुरा भन्दा पनि आफुलाई लागेको कुरा बोल्न पाउनु पर्ने प्रतिकृया दिनु भएको, यस वर्ष साधारण सभा ढिलो भएकोमा आगामी दिनमा पौष मसान्त भित्रमा साधारण सभा गर्नुका साथै तोकिएको समयमा नै साधारणसभा सुरुवात हुनेमा विश्वास व्यक्त गर्नु भएको ।

**४. श्री ईन्द्र प्रसाद लामिछाने :**

कर्जा लगानी गर्दा सामूहिक जमानीमा बिना धितोमा लगानी गर्नुपर्ने हुँदा कर्जा लगानी गर्दा ध्यान दिनुपर्ने, हरेक वर्ष लाभांश वितरण गर्दै आएकोमा यस वर्ष लाभांश नदिंदा लगानीकर्ताको मनोबल खस्कने अवस्था आउने तर्फ ध्यान दिनुपर्ने, समग्र लघुवित्त क्षेत्रमा प्रहार भईरहेकोमा व्यक्ति को आर्थिक अवस्थामा सुधार भए संगै खराब कर्जा असुलीमा सुधार भएर जानेमा आशा व्यक्त गर्नु भयो ।

आशा



आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

**५. डा. आत्माराम घिमिरे :**

संस्थापक शेयरधनीहरुको तर्फबाट आफ्नो प्रतिनिधित्व गर्दै लगानीकर्ताले लगानीगर्दा निश्चित प्रतिफलको अपेक्षा राख्ने हुँदा यस अघि निरन्तर लाभांश वितरण गर्दै आएकोमा यस वर्ष लाभांश नदिदा दुखः व्यक्त गर्दै आगामी वर्षहरुमा यस विषयमा ध्यान दिएर काम गर्न सुझाव प्रदान गर्नु भएको थियो । कर्मचारीहरुले आफुले मात्र सुविधा नलिई लगानीकर्ताको लागि समेत निश्चित प्रतिफलको अपेक्षा हुने विषयलाई ध्यान दिएर काम गर्नुहुन सुझाव प्रदान गर्नु भयो ।

**११. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

वार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमिकमजोरी तथा सुझाव उपर अध्यक्षज्यूको अनुमतिमा वित्तीय संस्थाको का.मु. प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री बद्री प्रसाद दुलालले जवाफ दिदै प्राविधिक कारणले निर्धारित समयमा सभा सञ्चालन नभएकोमा क्षमा माग्दै, आगामी वर्ष पौष मसान्त भित्रमा नै साधारण सभा गरिनुका साथै तोकिएकै समयमा सुरुवात गरिने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो । यस संगै सम्पूर्ण वक्ताहरुलाई आशा लघुवित्तलाई माया गरी औल्याई दिनुभएको कमिकमजोरीलाई आगामी दिनमा सुधार गरेर जाने अवसर प्रदान गर्नु भएकोमा विशेष धन्यवाद दिँदै उक्त कमीकमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । संस्थाले कर्जाको विश्लेषण तथा कर्जा सूचना केन्द्रबाट प्राप्त सूचनाको आधारमा नेपाल राष्ट्र बैंकले तोकेको कर्जा सीमा भित्र रहेर कर्जा लगानी गर्ने नीति रहेको जानकारी गराउनुभयो ।

**१२. वार्षिक साधारण सभाको निर्णय :**

**(क) <u>सामान्य प्रस्तावहरुमा भएका निर्णयहरु</u> :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले सातौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने ।**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गरियोस भनी अध्यक्षज्यूले साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०८१ वैशाख १८ गते बसेको ३६ औं बैठकले गरेको सिफारिस बमोजिम बि.आर.पराजुली एण्ड एसोशिएट्सलाई बाह्य लेखापरीक्षकमा नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण र निक्षेप तथा कर्जा सुरक्षण कोष लगायतका अन्य नियमक निकायले तोकिए बमोजिम कागजात प्रमाणित तथा कर परीक्षण बापत पारिश्रमिक दैनिक भत्ता,

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.

खाना तथा आवास र यातायात खर्च समेत गरी कर बाहेक रु.५,००,०००।- (अक्षरेपि पाँच लाख मात्र) प्रदान गर्ने गरी लेखापरीक्षण समितिको सिफारिस बमोजिम हुनेगरी नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

४. **संस्थापक समूहको ४ जना तथा सर्वसाधारण समूहको २ जना गरी जम्मा ६ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरुको तर्फबाट ४ जना तथा सर्वसाधारण समूहको तर्फबाट २ जना गरी जम्मा ६ जना सञ्चालकहरुको प्रतिनिधित्व हुने गरी ४ वर्षको कार्यकालका लागि सर्वसाधारण समूहको प्रतिनिधित्व गर्ने सदस्य पद २ (दुई) को लागि २ (दुई) जना सर्वसाधारण शेयरधनीको मात्र उम्मेदवारी कायम भएकाले उम्मेदवारहरु क्रमश: श्री अविनाश सिलवाल र श्री बिष्णु मणि गौतम निर्विरोध निर्वाचित हुनुभएको र संस्थापक शेयरधनीको प्रतिनिधित्व गर्ने सदस्य पदमा ४ (चार) मा ५ (पाँच) जना शेयरधनीहरुको उम्मेदवारी परेकोमा कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा २ मा "प्रत्येक पब्लिक कम्पनीमा कम्तीमा तीन जना र बढीमा एघार जना सम्म सञ्चालक भएको सञ्चालक समिति रहनेछ । महिला शेयरधनी रहेको पब्लिक कम्पनीको सञ्चालक समितिमा कम्तीमा एक जना महिला सञ्चालक हुनुपर्ने छ भनि व्यवस्था रहेको" र यस कम्पनीको नियमावलीको नियम २७(२) मा एक महिला सहित ७ जनाको सञ्चालक समिति रहने व्यवस्था रहेको र दुवै समूह गरी जम्मा १ (एक) मात्र महिला शेयरधनीको उम्मेदवारी कायम भएकाले संस्थापक समूहबाट कविता पोखेल रहेकाले कम्पनीको नियमावली बमोजिम निज महिला उम्मेदवार कविता पोखेल निर्विरोध भएकाले बाँकी चार उम्मेदवारहरु हेमन्त पौडेल, नारायण प्रसाद घिमिरे (प्रतिनिधि- नागरिक लगानी कोष ), विमल डंगोल (प्रतिनिधि-राष्ट्रिय वाणिज्य बैंक लि.) र सुधीर प्रसाद लोहनी (प्रतिनिधि- नेपाल ग्रामिण विकास संस्था) को बिचमा मतदान हुँदा विमल डंगोल (प्रतिनिधि-राष्ट्रिय वाणिज्य बैंक लि.) ले ३९,९२,९६०/- मत, हेमन्त पौडेलले ३०,९८,९६६/- मत, नारायण प्रसाद घिमिरे (प्रतिनिधि- नागरिक लगानी कोष) ले २६,८३,८००/- मत र सुधीर प्रसाद लोहनी (प्रतिनिधि- नेपाल ग्रामिण विकास संस्था) ले ६,१३,८८३/- मत प्राप्त गरी विमल डंगोल (प्रतिनिधि-राष्ट्रिय वाणिज्य बैंक लि.), हेमन्त पौडेल र नारायण प्रसाद घिमिरे (प्रतिनिधि- नागरिक लगानी कोष) निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बिपिन कोइरालाले सभा समक्ष पेश गर्दा सो लाई पारित गर्ने निर्णय गरियो ।

५. **सञ्चालक समितिबाट भएको स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८० आषाढ ३१ गते बसेको १२७ औं बैठकको निर्णय अनुसार रामग्राम-०८, नवलपरासीमा स्थायी बसोबास रहेको श्री भिम बहादुर क्षेत्रीको नाति श्री सुकदेव बहादुर क्षेत्रीको छोरा वर्ष ५६ को श्री विजय कुमार क्षेत्रीज्यूलाई स्वतन्त्र सञ्चालकमा गरेको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्तावहरुमा भएका निर्णयहरु :**

१. **संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रचलित कानून तथा निर्देशनहरुको अधिनमा रहि समभ्रदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर लगायत गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृत लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. **संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति**

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

**(Acquisition) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जूमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने क्रममा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने समझदारी पत्र (Memorendum of Understanding) तर्जूमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३. **विविध :**

प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूले संस्थाले कर्मचारी लाई अनावश्यक लक्ष्य दिएर काम लगाउन नहुने, शेयरधनीहरुले उठाएको कुरा जायज भएकोमा सो विषयलाई व्यवस्थापनले ध्यान दिनुपर्ने, वित्तीय संस्थाले करिव ६०० जना कर्मचारीहरुलाई रोजगार प्रदान गर्दै गर्दा प्रति कर्मचारी ५ जनाको दरले करिव ३ हजार घरपरिवार लाभान्वित हुनुका साथै वित्तीय संस्थाबाट करिव ६२ हजार सदस्यहरुले कर्जा लिई आत्मनिर्भर बनेकोमा खुशि समेत व्यक्त गर्नु भयो । अहिलेको अवस्थामा थप जिम्मेवार भई काम गर्नु पर्ने अवस्था रहेको तथा गुणस्तरीयतामा ध्यान दिनुपर्ने समय आएको सुझाव दिनुभयो ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस सातौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागिताका साथै प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्नुभयो । वित्तीय संस्था संचालनमा महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक तथा व्यवस्थापन समूहलाई धन्यवाद व्यक्त गर्दै आगामी ४ वर्षको कार्यकालका लागि नव निर्वाचीत सम्पूर्ण सञ्चालकहरुलाई बधाई दिदै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दै सम्पूर्णमा हार्दिक आभार सहित सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

............
बद्री प्रसाद दुलाल
कम्पनी सचिव
संस्थाको छाप :

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलान्चोक

............
निर्गुण प्रसाद भट्टचन
अध्यक्ष
मिति : २०८१ जेठ ०९ गते बुधवार